# विद्यालय छात्रावास व्यवस्थापन निर्देशिका, २०७१

## प्रस्तावना

विद्यालय तहको शिक्षा आर्जन गर्ने क्रममा छात्रावासमा रहने सबै बालबालिकाहरूका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता गराउन नेपाल सरकारको अनुदान प्राप्त गरेर वा सेवामूलक सङ्घसंस्थाबाट वा शुल्कबाट स्रोत जुटाई सञ्चालनमा रहेका र सञ्चालन हुने सबै किसिमका छात्रावासका बालबालिकाको सुरक्षा, संरक्षण, सहभागिता एवम् विकासलाई दृष्टिगत गरी बालमैत्री वातावरणमा न्यूनतम मापदण्ड तोकी सुव्यवस्थित तरिकाले सञ्चालन गर्न वाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १९२ (ङ) ले प्रदान गरेको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद - १

### १.सङ्क्षिप्त नाम र परिभाषा

१.१ यो निर्देशिकाको नाम **विद्यालय छात्रावास व्यवस्थापन निर्देशिका, २०७१** रहेको छ ।

१.२ यो निर्देशिका शिक्षा मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुने छ ।

१.३ यसमा उल्लेख भएका प्रावधानहरू देशभरका सामुदायिक, सेवामूलक सङ्घसंस्था तथा संस्थागत विद्यालयमार्फत सञ्चालन हुने छात्रावासहरुले यस निर्देशिकामा उल्लिखित प्रावधानहरू पालना गर्नुपर्ने छ ।

१.४ परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

१.४.१ **"ऐन"** भन्नाले शिक्षा ऐन, २०२८ (संसोधनसहित) सम्झनुपर्दछ ।

१.४.२ **"नियमावली"** भन्नाले शिक्षा नियमावली २०५९, (संसोधनसहित) सम्झनुपर्दछ ।

१.४.३ **"मन्त्रालय"** भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्दछ ।

१.४.४ "**विभाग"** भन्नाले शिक्षा विभाग सम्झनुपर्दछ ।

१.४.५ "**विद्यालय"** भन्नाले शिक्षा ऐन २०२८, शिक्षा नियमावली, २०५९ अनुसारका अनुमति स्वीकृति लिएका सामुदायिक, संस्थागत विद्यालयहरू सम्झनुपर्दछ ।

१.४.६ **"छात्रावास"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि परिच्छेद ६ अनुसारका आधारमा प्रदान गरिने, भोजन, शैक्षिक सामग्री, पठनपाठन व्यवस्था, सुरक्षा, संरक्षण तथा मनोरञ्जन, परामर्शलगायतका सेवासहितको

आवास सुविधालाई जनाउने छ । यस शब्दले धार्मिक विद्यालयद्वारा सञ्चालित छात्रावास, आवासीय विद्यालय सञ्चालन गर्ने गरी अनुमति/स्वीकृत लिएका संस्थागत विद्यालयले सञ्चालन गरेको आवास सुविधा, फिडर छात्रावास, मुक्त कमलरीका लागि सञ्चालित छात्रावास, हिमाली छात्रावास, नमुना आवासीय छात्रावास, सहिद प्रतिष्ठान नेपालद्वारा सञ्चालित छात्रावाससमेतलाई जनाउने छ ।

१.४.७ **"छात्रावास व्यवस्थापन समिति"** भन्नाले छात्रावास व्यवस्थापन गर्नका लागि गठित यस निर्देशिकाको बुँदा नं. २.१, २.६ र २.७ बमोजिमको समितिलाई जनाउँछ ।

१.४.८ **"द्वन्द्वपीडित बालबालिका"** भन्नाले विस्तृत शान्ति सम्झौता हुँदाको मिति (२०६३ मङ्सिर ५ गतेसम्म) र मधेस आन्दोलनलगायत नेपाल सरकारले घोषणा गरेका **द्वन्द्व**प्रभावित बालबालिकालाई सम्झनु पर्दछ ।

१.४.९ **"कमलरी"** भन्नाले कुप्रथा, कुसंस्कार, कुरीति वा आर्थिक समस्याको कारणले थारु समुदायका किशोरी तथा बालिकाहरूलाई निश्चित सर्त र बन्देजमा (आफूले वा आफ्नो परिवारले वा आफ्नो पुर्खाले लिएको ऋण वा सोको व्याज तिर्नका लागि बिना ज्याला वा न्यून ज्यालामा काम गर्न, अँधिया जग्गा कमाए बापत पढाइ दिने प्रलोभनमा, जागिर दिने आश्वासनमा वा खान लाउन मात्र आदि) कुनै मालिक वा मध्यस्थकर्ता र अभिभावक वा स्वयम् कमलरीबिच लिखित वा मौखिक सम्झौता भै निश्चित समयावधिका लागि अर्काको घरमा काम गर्न पठाइएका वा काममा लगाइएका किशोरी तथा बालिकालाई सम्झनुपर्दछ ।

## परिच्छेद - २

### २. छात्रावास सञ्चालन संरचना

छात्रावासलाई व्यवस्थित रूपमा सञ्चालन गर्न देहायबमोजिमको संरचना हुनेछ :

**२.१ छात्रावास व्यवस्थापन केन्द्रीय निर्देशक समिति** : शिक्षा मन्त्रालय वा मातहतका निकायहरूबाट प्रदान गरिने छात्रावास व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन केन्द्रीय स्तरमा देहायका सदस्य रहेको छात्रावास व्यवस्थापन केन्द्रिय निर्देशक समिति रहनेछ ।

| | | | | |
|---|---|---|---|---|
| १. | महानिर्देशक | शिक्षा विभाग | – | अध्यक्ष |
| २. | निर्देशक | शिक्षा विभाग (शैक्षिक व्यवस्थापन महाशाखा) | – | सदस्य |
| ३. | उपसचिव | शिक्षा मन्त्रालय (माध्यमिक शिक्षा शाखा) | – | सदस्य |
| ४. | अधिकृत प्रतिनिधि | गृह मन्त्रालय | – | सदस्य |
| ५. | अधिकृत प्रतिनिधि | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | – | सदस्य |
| ६. | अधिकृत प्रतिनिधि | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | – | सदस्य |
| ७. | अधिकृत प्रतिनिधि | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (बाल शाखा) | – | सदस्य |
| ८. | प्रतिनिधि | राष्ट्रिय अपाङ्ग महासङ्घ | – | सदस्य |
| ९. | प्रतिनिधि | बालबालिकाको क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैह्रसरकारी सङ्घसंस्थामध्येबाट शिक्षा विभागद्वारा मनोनित - १ जना | – | सदस्य |
| ११. | प्रतिनिधि | शिक्षक युनियन | – | सदस्य |
| १२. | प्रतिनिधि | प्याब्सन/एन प्याब्सनबाट शिक्षा विभागद्वारा मनोनित १ जना | – | सदस्य |
| १३. | प्रतिनिधि | सार्वजनिक शैक्षिक गुठी सङ्घमध्येबाट शिक्षा विभागद्वारा मनोनित - १ जना | – | सदस्य |
| १४. | प्रतिनिधि | अभिभावक सङ्घमध्येबाट १ जना | – | सदस्य |
| १५. | उप निर्देशक | भौतिक शाखा, शिक्षा विभाग | – | सदस्य |
| १६. | उप निर्देशक | लैङ्गिक समविकास शाखा, शिक्षा विभाग | – | सदस्य सचिव |

२.२ बैठक सम्बन्धी कार्यविधि समितिले तोकेबमोजिम हुनेछ ।

२.३ समितिको बैठक कम्तीमा वर्षको २ पटक बस्नेछ ।

२.४ समितिको बैठकमा सम्बन्धित विषय क्षेत्रको सङ्घसंस्थालाई आवश्यकतानुसार आमन्त्रण गर्न सकिने छ ।

**२.५. छात्रावास व्यवस्थापन केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार :** छात्रावास व्यवस्थापन केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) छात्रावाससम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

(ख) छात्रावास शुल्क निर्धारण गर्ने,

(ग) छात्रावासका लागि तोकिएको मापदण्ड पुरा नगर्ने विद्यालय तथा अन्य छात्रावास सञ्चालन गर्ने सङ्घसंस्थालाई दिएको निर्देशन पालना नगरे त्यस्ता छात्रावासहरूलाई खारेजीको निम्ति निर्देशन दिने,

(घ) छात्रावास व्यवस्थापनका लागि सम्बन्धित सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) विभिन्न शीर्षकका छात्रावास छात्रवृत्ति कार्यक्रममा सहकार्य गर्ने अन्य विभिन्न निकायहरू सरकारी, गैह्रसरकारी तथा निजी सङ्घसंस्थाहरूसँग समन्वय गर्ने ।

(च) सरकारी क्षेत्रबाट सञ्चालित सबै किसिमका छात्रावासहरूलाई आवश्यक स्रोतको व्यवस्थापन गर्ने,

(छ) छात्रावास सञ्चालन गर्ने संस्था तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, गराउने,

(ज) छात्रावास सञ्चालनको अनुगमन मूल्याङ्कन गर्ने गराउने,

(झ) प्रभावकारी छात्रावास व्यवस्थापनको निमित्त अन्य आवश्यक व्यवस्था गर्ने ।

## २.६ जिल्ला छात्रावास व्यवस्थापन समिति

२.६.१ जिल्लामा छात्रावास व्यवस्थापनको काम गर्न देहायका सदस्य रहेको जिल्लास्तरीय छात्रावास व्यवस्थापन समिति रहने छ :

| | |
|---|---|
| १. जिल्ला शिक्षा अधिकारी | -अध्यक्ष |
| २. महिला विकास अधिकृत | -सदस्य |

| | |
|---|---|
| ३. जिल्ला विकास समितिबाट स्थानीय विकास | -सदस्य |
| अधिकारीले तोकेको अधिकृत | -सदस्य |
| ४. जल्ला प्रशासन कार्यालयबाट प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत | -सदस्य |
| ५. शिक्षक युनियनको अध्यक्ष | -सदस्य |
| ६. प्याब्सन/एन प्याब्सन (जिल्ला) प्रतिनिधि २ जना | -सदस्य |
| ७. जिल्लास्थित अभिभावक सङ्घ/सङ्गठनका अध्यक्षमध्येबाट समितिले मनोनित गरेको १ जना | -सदस्य |
| ८. जिल्लास्थित गैरसरकारी सङ्घसंस्थामध्येबाट समितिले मनोनित गरेको १ जना | -सदस्य |
| ९. छात्रावास सञ्चालकहरुमध्येबाट समितिले मनोनित गरेको १ जना | -सदस्य |
| १०. स्रोतव्यक्तिहरूमध्ये जिल्ला शिक्षा अधिकारीद्वारा मनोनित १ जना | -सदस्य |
| ११. जिल्ला शिक्षा कार्यालयको छात्रवृत्ति कार्यक्रम हेर्ने अधिकृत | -सदस्य सचिव |

साथै मुक्त कमलरीको कार्यक्रमलागु भएका तथा लागु हुने जिल्लामा सो विषयमा छलफल गर्नका लागि बसेको बैठकमा यस क्षेत्रमा काम गर्ने सङ्घसंस्था/विज्ञबाट समितिले मनोनित गरेको २ जना प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने छ।

**२.६.२ समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) जिल्लाभित्रका छात्रावास सञ्चालनसम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

(ख) जिल्लाभित्र छात्रावास सञ्चालन गर्न चाहने विद्यालय, तथा सङ्घसंस्थालाई तोकिएको न्यूनतम मापदण्डको प्रक्रिया पुऱ्याई अनुमति दिने र नवीकरण गर्ने,

(ग) जिल्लाभित्र छात्रावासका लागि तोकिएको मापदण्ड पुरा नगर्ने विद्यालय तथा छात्रावास सञ्चालन गर्ने अन्य संस्थालाई दिएको निर्देशन पालना नगरे त्यस्ता छात्रावासहरूको अनुमति खारेज गर्ने,

(घ) शुल्क निर्धारणको मापदण्ड तयार गर्ने,

(ङ) छात्रावास व्यवस्थापनका लागि सम्बन्धित जिल्लास्थित सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गर्ने,

(च) सरकारी क्षेत्रबाट सञ्चालित जिल्लाभित्रका सबै किसिमका छात्रावासहरूलाई आवश्यक स्रोतको माग तथा व्यवस्थापन गर्ने,

(छ) जिल्लाभित्र छात्रावास सञ्चालन गर्ने संस्था तथा कर्मचारीको क्षमता अभिवृद्धिका निमित्त कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(ज) जिल्लाभित्रका छात्रावासहरूको चुस्तदुरुस्त अभिलेख राख्ने,

(झ) जिल्लाभित्रका छात्रावासहरूको अनुगमन मूल्याङ्कन गरी शिक्षा विभागमा प्रतिवेदन पठाउने,

(ञ) नेपाल सरकारको अनुदानमा सञ्चालित छात्रावासमा रहने कर्मचारीहरु व्यवस्थापन गर्ने ।

(ट) कम्तीमा ६/६ महिनामा खानाको गुणस्तर परीक्षण गराउनुपर्ने ।

(ठ) जिल्लाभित्र प्रभावकारी छात्रावास व्यवस्थापनको निमित्त अन्य आवश्यक व्यवस्था गर्ने ।

## २.७ विद्यालय छात्रावास व्यवस्थापन समिति

विद्यालयको व्यवस्थापनमा सञ्चालित छात्रावासको व्यवस्थापन रेखदेख र सञ्चालन गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिलाई हुनेछ । कुनै संस्थाले सेवामुखी अभिप्रायले कोष स्थापना गरी सञ्चालित छात्रावास भएमा त्यसको व्यवस्थापन रेखदेख र सञ्चालन गर्ने जिम्मेवारी संस्थाको सञ्चालक समितिलाई रहनेछ । आवश्यकताअनुसार उपसमिति गठन गर्न सकिने छ । यस समितिमा छात्रावासमा काम गर्ने वार्डेनलाई स्थायी आमन्त्रित सदस्यको रूपमा मनोनयन गर्नुपर्ने छ ।

## २.८ समितिको काम कर्तव्य र अधिकार

(क) छात्रावासको नियमित रेखदेख अनुगमन तथा सञ्चालन गर्ने,

(ख) छात्रावासको आर्थिक, भौतिक, शैक्षिक, मनोसामाजिक तथा अतिरिक्त क्रियाकलापको व्यवस्थापन गर्ने,

(ग) छात्रावासमा बस्ने विद्यार्थीको अभिलेख तथा लेखा चुस्तदुरुस्त राख्ने,

(घ) छात्रावासको अनुगमन गरी त्यसको प्रगति प्रतिवेदन अर्धवार्षिक रुपमा जिल्ला शिक्षा कार्यालयमा पेस गर्ने,

(ङ) छात्रावासमा प्राप्त भएका आम्दानीहरूबाट तोकिएको आर्थिक कार्यविधि बमोजिम खर्च गरी स्रेस्ता राख्ने तथा कम्तीमा वर्षको एक पटक लेखापरीक्षण र सामाजिक परीक्षण गराई सोको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेस गर्नुपर्ने,

(च) तोकिएको मापदण्डअनुसार छात्रावास सञ्चालनको व्यवस्था मिलाउने ।

## परिच्छेद - ३

### ३. छात्रावास सञ्चालन अनुमतिसम्बन्धी व्यवस्था

छात्रावास सञ्चालन अनुमतिसम्बन्धी व्यवस्था देहायबमोजिमको हुनेछ :

३.१ सामुदायिक विद्यालयको छात्रावास सञ्चालनका लागि नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालयले उपलब्ध स्रोत साधन र पूर्वाधारका आधारमा आवश्यकता अनुसारका स्थानमा विद्यालयकै व्यवस्थापनमा रहने गरी अनुमति प्रदान गर्नेछ ।

३.२ संस्थागत विद्यालयको छात्रावास सञ्चालनका लागि यस निर्देशिका र संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ बमोजिम नै सञ्चालन हुनेछ ।

३.३ सेवामूलक सङ्घसंस्था वा निकायले विद्यालय तहको छात्रावास सञ्चालनका लागि देहाय बमोजिमको अनुमति लिनुपर्नेछ :

(क) छात्रावास सञ्चालनका लागि अनुसूची १ बमोजिमको निवेदन शैक्षिक सत्र सुरु हुनु भन्दा तिन महिना पहिले स्थानीय निकायको सिफारिससहित जिल्ला शिक्षा कार्यालयमा पेस गर्नुपर्नेछ ।

(ख) पेस भएका निवेदनका आधारमा जिल्ला शिक्षा अधिकारी वा निजले खटाएको निरीक्षकबाट एक महिनाभित्र स्थलगत अनुगमन गराउनुपर्नेछ ।

(ग) स्थलगत निरीक्षण गर्न खटिएको व्यक्तिले यस निर्देशिका र संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ ले व्यवस्था गरे बमोजिम भए

नभएको, छात्रावासका लागि भौतिक लगायतका पक्षहरूसँग दृष्टिगत गरी यकिन रायसहितको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेस गर्नुपर्ने छ ।

(घ) जिल्ला शिक्षा कार्यालयले निवेदन र प्राप्त निरीक्षण प्रतिवेदन समेतको आधारमा यस निर्देशिकाको बुँदा नं. २.६ बमोजिम गठित समितिमा पेस गर्ने छ ।

(ङ) समितिले आवश्यक देखेमा छात्रावास सञ्चालन अनुमति दिने छ ।

(च) नेपाल सरकारको अनुदानमा सञ्चालित छात्रावास बाहेक अन्य क्षेत्रबाट सञ्चालन गरिने छात्रावास अनुमतिका लागि जिल्ला शिक्षा कार्यालयले तोकेको खातामा रु २,००,०००( दुई लाख) धरौटी स्वरूप रकम जम्मा गर्नुपर्ने छ ।

(छ) हाल अनुमति नलिई सञ्चालनमा रहेका छात्रावासहरूले यो निर्देशिका जारी भएको मितिले एक वर्षभित्र तोकिएको मापदण्ड पुरा गरी अनुमति लिई सक्नुपर्नेछ । सोबमोजिम अनुमति नलिएमा जिल्ला शिक्षा कार्यालयले उक्त छात्रावास बन्द गराउन सक्ने छ ।

३.४ छात्रावास सञ्चालन गर्नुपर्ने आवश्यकता नरहेमा वा छात्रावास सञ्चालन गर्न नसक्ने अवस्था भएमा विद्यालय छात्रावास व्यवस्थापन समितिको सिफारिसमा जिल्ला छात्रावास व्यवस्थापन समितिमा निवेदन दिनुपर्ने छ ।

३.५ जिल्ला छात्रावास व्यवस्थापन समितिले प्राप्त निवेदनको आधारमा १५ दिनको म्याद दिई छात्रावास बन्द गर्ने सूचना गर्नसक्ने छ । उक्त समितिले छात्रावासको नाममा कुनै बाँकी बक्यौता नरहेको प्रमाणित भएमा धरौटी फिर्ता गर्न सक्ने छ ।

## परिच्छेद - ४

### ४.स्रोत व्यवस्थापन (शुल्क, छात्रवृत्ति, अनुदान आदि)

४.१ सामुदायिक विद्यालयमा छात्रावास सञ्चालनका लागि देहायबमोजिमको रकम विद्यालयको कोषमा रहने गरी जम्मा गर्न सकिने छ :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान,

(ख) स्थानीय निकायबाट प्राप्त सहयोग,

(ग) गैरसरकारी सङ्घसंस्थाबाट प्राप्त सहयोग,

(घ) समुदाय वा समुदायभन्दा बाहिरका व्यक्तिबाट प्राप्त दान उपहार र सहयोग,

(ङ) विद्यार्थीबाट लिने नियमित शुल्क ।

४.२ सामुदायिक विद्यालयमा छात्रावास सञ्चालन तथा व्यवस्थापन प्रयोजनका लागि प्राप्त रकम विद्यालयले छुट्टै खाता खोली राख्नुपर्ने र सो रकम छात्रावास व्यवस्थापनका लागि मात्र खर्च गर्नुपर्ने छ ।

४.३ संस्थागत विद्यालयको हकमा शिक्षा नियमावली, २०५९ को नियम १४५(क) बमोजिमको विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समितिले निर्धारण गरेबमोजिम हुने र सेवामूलक सङ्घसंस्था वा निकायबाट सञ्चालित छात्रावासको हकमा उक्त छात्रावासले प्रदान गर्ने सुविधाको आधारमा शुल्क प्रस्तावित गरी जिल्ला शिक्षा कार्यालयमार्फत जिल्ला छात्रावास व्यवस्थापन समितिबाट अनुमोदन गराएर मात्र लागु गर्नुपर्ने छ ।

४.३ प्राप्त भएको आम्दानी स्वीकृत भएको बजेट र नर्म्सका आधारमा आर्थिक कार्यविधिबमोजिम खर्च गरी स्रेस्ता राख्नुपर्ने छ ।

## परिच्छेद - ५

### ५. विद्यार्थी छनौटका आधारहरू

५.१. नेपाल सरकारको अनुदानमा छात्रावासमा बस्ने विद्यार्थी छनौट गर्दा अनुसूची-५ मा उल्लेख भएका जातजातिहरुको सूचीलाई आधार मानी छात्रावासको व्यवस्था मिलाउनुपर्नेछ ।

५.१.१. नेपाल सरकारको अनुदानमा सञ्चालित छात्रावासहरुको नामावली अनुसूची-६ मा उल्लेख गरिएको छ ।

५.२. कुनै सङ्घसंस्था वा निकायद्वारा सञ्चालित छात्रावासमा बस्ने विद्यार्थीहरु छनौट सम्बन्धमा सम्बन्धित संस्थाको विधान/विनियममा उल्लेख भएअनुसार हुनेछ ।

## परिच्छेद - ६

### ६. छात्रावास सञ्चालनका लागि न्यूनतम आधारहरु

नेपाल सरकारको अनुदानबाट सञ्चालन भइरहेका, सेवामूलक सङ्घसंस्था र संस्थागत विद्यालयद्वारा सञ्चालित छात्रावासको स्तरोन्नति तथा नयाँ छात्रावास सञ्चालनको अनुमति लिन चाहने विद्यालय र संस्थाहरूले देहायबमोजिमको न्यूनतम पूर्वाधारहरू पुरा गरेको हुनुपर्ने छ :

## ६.१. छात्रावास भवन

छात्रावास भवन बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री हुने गरी निर्माण गर्नुपर्ने छ ।

### ६.१.१ छात्रावास भवन रहने स्थान

(क) विद्यालय, अस्पताल, सुरक्षाजस्ता आवश्यक सबै सेवा सुविधाको सहज पहुँच भएको ठाउँमा छात्रावास भवन र आवतजावतका लागि यातायातको व्यवस्था भएको हुनुपर्ने छ ।

(ख) प्राकृतिक विपत्ति (भूकम्प, आँधीबेहरी, बाढीपहिरो, आगजनी, वन्यजन्तुको आक्रमण) को न्यून जोखिम भएको तथा अपराध, हुलदङ्गा, औद्योगिक उत्पादन, रासायनिक र ध्वनि प्रदूषणको जोखिम कम भएको हुनुपर्ने छ ।

(ग) अनावश्यक होहल्ला नहुने, धेरै भिडभाड भैरहने स्थानबाट टाढा र आवासीय रुपमा उपयुक्त स्थानमा हुनुपर्ने छ ।

### ६.१.२ छात्रावास परिसरमा घेराबार

(क) सुरक्षित घेराबारको व्यवस्था भएको हुनुपर्ने छ ।

(ख) घण्टीको व्यवस्था सहितको मुख्य प्रवेशद्वार मजबुत हुनुपर्ने छ ।

(ग) घेराबार वरिपरि उज्यालोको लागि बत्तीको व्यवस्था हुनुपर्ने छ ।

### ६.१.३ छात्रावासको भवन

(क) छात्र र छात्राको लागि छुट्टाछुट्टै भवन निर्माण वा छुट्टाछुट्टै तल्लाको व्यवस्था गर्नुपर्ने छ ।

(ख) भवन तथा शौचालयको ढोकाहरूको साइज कम्तीमा लम्बाइ ६.५ फिट र चौडाइ ३.५ फिट हुनुपर्ने छ ।

(ग) प्रत्येक ढोका, झ्याल, र्‍याक, दराज आदिमा अपाङ्गता भएका लगायत सबै बालबालिकाको सहज पहुँच पुग्ने गरी चुकुलको व्यवस्था गर्नुपर्ने छ ।

(घ) आकस्मिक विपद्को अवस्थामा निकासका लागि संरक्षित भर्‍याङ, निकासद्वार तथा विपद् पूर्वतयारी औजारहरुको पहुँच सुनिश्चित गर्नुपर्ने छ ।

### ६.१.४ बसाइ व्यवस्थापन

(क) कोठाभित्र टेबुल, कुर्सी, र्‍याक, दराज, विद्यार्थीका लागि छुट्टै एउटा पलङ, डसना, तन्ना, तकिया, मौसमअनुसारका कम्बल वा सिरक र झुलको व्यवस्था गरिएको हुनुपर्नेछ । नियमित रुपमा सिरक तन्ना, तकियाको खोल आदि कपडाहरू अनिवार्य रूपमा सरसफाइ गरिएको हुनुपर्नेछ ।

### ६.१.५ शौचालय

(क) छात्र र छात्राका लागि अलग शौचालय हुनुपर्दछ । छात्रा शौचालयमा सेनेटरी प्याड जलाउनको लागि इन्सिनेटर (चिम्नी) को अनिवार्य रूपमा निर्माण गर्नुपर्नेछ ।

(ख) शौचालयमा आवश्यक पानीको प्रबन्ध तथा नियमित सरसफाइको सामाग्री सहित सरसफाइको व्यवस्था गर्नुपर्ने छ ।

### ६.१.६ अन्य भौतिक व्यवस्था

(क) छात्रावासको भवनको कोठाहरू तथा शौचालयमा अपाङ्गता भएका बालबालिकाको पहुँचका लागि र्‍याम्प निर्माण गर्नुपर्ने र ढोकाको साइज ह्विल चेयर छिर्ने गरी निर्माण गर्नुपर्ने छ । भवनमा पर्याप्त प्रकाश तथा हावा आवतजावत हुनसक्ने गरी निर्माण गर्नुपर्ने छ ।

(ख) छात्रावास सञ्चालनका लागि प्रति विद्यार्थी ३० वर्ग फिट क्षेत्रफल पर्ने गरी तथा बौद्धिक अपाङ्गता भएका तथा ह्विल चेयर प्रयोग गर्ने विद्यार्थीका हकमा प्रति विद्यार्थी ३५ वर्ग फिट क्षेत्रफल पर्ने गरी बसाइ व्यवस्थापन गर्नुपर्ने छ ।

(ग) छात्रावास परिसरभित्र सफा र स्वच्छ पिउने पानीको व्यवस्थाका लागि युरोगार्ड र ३० जना विद्यार्थी बराबर ८००० लिटर पानी ट्याङ्की राख्नुपर्ने छ । साथै बाल तथा अपाङ्गतामैत्री धारा निर्माण गर्नुपर्ने छ ।

(घ) छात्रावासमा २० जना विद्यार्थीका लागि कम्तीमा २ ओटा शौचालय (युरिनल समेत भएको) तथा २ ओटा स्नान घरको व्यवस्था गर्नुपर्नेछ । स्नान घर तथा शौचालय छात्र र छात्राका लागि छुट्टै गर्नुपर्ने छ ।

(ङ) भान्सा कोठा सफा सुग्धर तथा स्वास्थ्यमा प्रतिकुल असर नपर्ने गरी निर्माण गर्नुपर्ने छ । कम्तीमा २० जनाको लागि १ ओटा भोजन कक्षको व्यवस्था गर्नुपर्ने छ । सो भन्दा बढी विद्यार्थी सङ्ख्या भएमा सोही अनुपातमा भोजनकक्षको क्षमता बढाउनुपर्ने छ । अपाङ्गता भएका

बालबालिकाहरूको हकमा अपाङ्गताको प्रकृतिअनुसार ६ देखि १० जना सम्मका लागि १ ओटा भोजनकक्षको व्यवस्था गर्नुपर्ने छ।

(च) एक पटकमा २० जना विद्यार्थीका लागि एकसाथ भेटघाट गर्नसक्ने एउटा प्रतिक्षालय/भेटघाट कक्षको व्यवस्था गर्नुपर्ने छ।

(छ) बढीमा दश जना विद्यार्थीका लागि १ ओटा शयनकक्षको व्यवस्था गर्नुपर्ने छ।

(ज) छात्रावासमा पर्याप्त मात्रामा घरभित्र र घरबाहिर खेलिने खेलसामग्री सहितको खेल मैदानको व्यवस्था गर्नुपर्ने छ।

(झ) छात्रावास परिसरमा लोडसेडिङको समयमा वैकल्पिक प्रकाशको व्यवस्था गर्नुपर्ने छ।

(ञ) छात्रावास विद्यालयबाट एक कि.मि. भन्दा टाढा भएमा विद्यार्थीहरूलाई विद्यालय लैजादा वा ल्याउदा सुरक्षित सवारी साधनको व्यवस्था गर्नुपर्ने छ। यसका लागि तिन पाङ्ग्रे र सामान बोक्ने सवारी साधन प्रयोग गर्न पाइने छैन।

(ट) छात्रावासका विद्यार्थीहरूका लागि पर्याप्त मात्रामा प्रकाश भएको छुट्टै अध्ययनकक्षको व्यवस्था गर्नुपर्ने छ।

(ठ) छात्रावास परिसरका भौतिक संरचनाहरूको नियमित मर्मत सम्भारको व्यवस्था गर्नुपर्ने छ।

## ६.२ छात्रावासमा सन्तुलित खानाको व्यवस्था

६.२.१ छात्रावासले शैक्षिक सत्रको सुरुमा दैनिक न्यूनतम २२२० क्यालोरी पर्नेगरी साप्ताहिक रुपमा खाना र खाजाको तालिका तयार गरी डाइनिङकक्षमा टाँस गर्नुपर्ने छ।

६.२.२ बालबालिकको शारीरिक तथा मानसिक विकासका लागि पर्याप्त पौष्टिक खानाको व्यवस्था स्वास्थ्य मन्त्रालयबाट तयार भएको पोषण मापदण्ड अनुसारको हुनुपर्ने छ।

६.२.३ खाना र खाजामा कार्बोहाइड्रेट खनिज, भिटामिन र प्रोटिनको मात्रा सन्तुलित हुनुपर्ने छ। यसका लागि मौसम अनुसारको तरकारी तथा फलफुलको व्यवस्था गर्नुपर्ने छ।

६.२.४ एक दिनमा न्यूनतम चार पटक खानाको व्यवस्था गर्नुपर्ने छ । (विहानको खाजा, विहानको खाना, दिउँसोको खाजा र बेलुकाको खाना) हप्तामा कम्तीमा एकपटक माछामासु तथा माछामासु नखानेका लागि मौसमअनुसारको फलफुलको व्यवस्था हुनुपर्ने छ ।

६.२.५ छात्रावासमा बाहिर वा अरु कसैको घरमा अन्य कुनै प्रयोजनले पकाएको खाना लैजान नदिने व्यवस्था गर्नुपर्ने छ । विद्यार्थीहरूलाई छात्रावास बाहिर अर्कै प्रयोजनका लागि पकाएको खानेकुरा खुवाउनु हुँदैन ।

६.२..६ खाना तयार गर्ने र खाने ठाउँ सफा र बालबालिकाका लागि सुविधाजनक हुनुपर्दछ । धेरै गर्मी हुने ठाउँमा भोजनकक्ष सितल पार्ने व्यवस्था हुनुपर्दछ ।

६.२.७ विद्यार्थीहरूलाई स्वास्थ्यको कारणले बाहेक अन्य कारणले खाना निषेध गर्न वा खान कर लगाउनु हुँदैन ।

## ६.३ छात्रावासका विद्यार्थीहरूको सुरक्षा

६.३.१ अनिवार्य रूपमा चौकीदारको व्यवस्था भएको हुनुपर्ने छ ।

६.३.२ विद्यार्थीहरूलाई लामो विदाको समयमा बाबुआमा/अभिभावकले लिन नआएमा उनीहरूलाई त्यस अवधिमा त्यहीँ बस्न सक्ने व्यवस्था गर्नुपर्ने छ । सकेसम्म लामो अवधिमा घर जान प्रोत्साहन गर्नुपर्ने छ ।

६.३.३ प्राकृतिक प्रकोप तथा मानवीय सङ्कटबाट सिर्जित विपद्बाट बालबालिकाको सुरक्षाका लागि पूर्व तयारीको उचित प्रबन्ध गर्नुपर्ने छ । साथै सुरक्षा सूचना संयन्त्र (आकस्मिक साइरन/बत्ती) को व्यवस्था गर्नुपर्ने छ ।

६.३.४ विद्यार्थीहरूलाई छात्रावासबाट बाहिर लैजान वा भेटघाट गर्न आउने सबै व्यक्तिबारे अनुसूची ३ मा उल्लिखित ढाँचाको आगन्तुक पुस्तिकामा अभिलेख राख्नुपर्ने छ ।

६.३.५ छात्रावासमा बस्न आउँदाको समयमा नै विद्यार्थीहरूलाई छात्रावासबाट बाहिर लैजान वा भेटघाट गर्न आउने व्यक्तिको सूची हरेक विद्यार्थीको व्यक्तिगत फाइलमा राख्नुपर्ने छ । बालबालिकाहरुलाई छात्रावासबाट बाहिर पठाउँदा विद्यालयमा राखिएको सूची अनुसारका व्यक्तिसँग मात्र पठाउनुपर्ने छ ।

६.३.६ छात्रावास व्यवस्थापनले छात्रछात्राहरूलाई छात्रावासबाट घर जाने वार्षिक कार्यतालिका तयार गरी अभिभावकलाई तालिका उपलब्ध गराउनुपर्ने छ ।

६.३.७ छात्रावासमा बाबुआमा वा अभिभावक भेट्न आउँदा तोकिएको तालिकाअनुसार भेटघाट गर्ने व्यवस्था गर्नुपर्ने छ ।

## ६.४ बालसंरक्षण

### ६.४.१ शारीरिक तथा मानसिक/भावनात्मक हिंसा तथा दुर्व्यवहारबाट संरक्षण

६.४.१.१ विद्यार्थीहरूलाई सबै प्रकारका शारीरिक तथा मानसिक एवम् भावनात्मक हिंसा, शारीरिक सजाय, दुर्व्यवहार, अपहेलना, सार्वजनिक बेइज्जती, गिज्याउने, होच्याउने तथा मर्यादामा आँच आउने खालका बोली, व्यवहार र कार्य गर्न हुने छैन र त्यसबाट जोगाउन विशेष सतर्कता अपनाउनु पर्नेछ ।

६.४.१.२ छात्रावासभित्र कुनै पनि प्रकारको हातहतियार (हिंसात्मक क्रियाकलापमा प्रयोग हुनसक्ने) ल्याउन निषेध गर्नुपर्ने छ ।

६.४.१.३ छात्रावासले अभिभावक, विद्यार्थी तथा स्थानीय प्रहरीसँग समन्वय गरी विद्यार्थीहरूलाई शारीरिक हिंसा, जिस्क्याउने काम, शोषण, अपहरण तथा कुलतबाट सुरक्षित राख्न विशेष सतर्कता अपनाउनुपर्ने छ ।

६.४.१.४ बालमैत्री वातावरणमा शिक्षण सिकाइको व्यवस्था गर्नुपर्ने छ ।

६.४.१.५ शारीरिक सजाय निषेध गर्नुपर्ने छ । अनुशासन पालन गर्न र विद्यालय तथा छात्रावासको नियम पालना गर्न गराउन सकारात्मक उपाय अपनाउनुपर्ने छ ।

### ६.४.२. बालबालिकाविरुद्ध हुने भेदभावबाट संरक्षण

६.४.२.१ विद्यार्थीहरूलाई उनीहरूको र उनीहरुका अभिभावक वा हेरचाह गर्ने व्यक्तिको धर्म, संस्कृति, भाषा, सम्प्रदाय, जातीयता, लिङ्ग, उमेर, रङ, भौगोलिक क्षेत्र, आर्थिक परिवेश, श्रममा संलग्नता (मुक्त कमलरी), अपाङ्गता, पेसा, द्वन्द्व प्रभावित, एच.आई.भी/एड्सबाट प्रभावित, राजनीतिक वा अन्य विचारधारा लगायतका कुनै पनि आधारमा भेदभाव गरिने छैन ।

६.४.२.२ विद्यार्थीहरूलाई त्यहाँका कर्मचारी अरु विद्यार्थीहरू वा अन्य कुनै व्यक्तिबाट कुनै किसिमको भेदभाव नहुने सुनिश्चितता गर्नु वार्डेन र छात्रावास व्यवस्थापन समितिको कर्तव्य हुने छ ।

६.४.२.३ विद्यार्थीहरूमा भेदभावपूर्ण अभिव्यक्ति, प्रकाशन, प्रसारण तथा व्यवहार नगरी आपसी सद्भाव र समानता कायम गर्न उत्प्रेरित गर्नुपर्ने छ ।

६.४.२.४अपाङ्गता भएका, दलित समुदायका बालबालिका तथा एच.आई.भी./एड्सबाट प्रभावित विद्यार्थीहरू भएमा उनीहरूमाथि हुनसक्ने भेदभावबारे सजगता अपनाउनुपर्ने छ ।

**६.४.३ धुमपान तथा लागुपदार्थ सेवनबाट संरक्षण तथा त्यसको बेचबिखनमा रोकः**

६.४.३.१ छात्रावासलाई धुमपान, मादक पदार्थ तथा लागु पदार्थको सेवन गर्न निषेधित क्षेत्रको रूपमा घोषणा गर्नुपर्ने छ ।

६.४.३.२ छात्रावास परिसरको १०० मिटर वरपरको क्षेत्रमा धुमपान, मादक पदार्थ तथा लागु पदार्थको बेचबिखनमा रोक लगाउनु पर्ने छ । वार्डेन र कर्मचारीहरूले मादक पदार्थ तथा लागु पदार्थ सेवन गरेर छात्रावासभित्र प्रवेश गर्न पाइने छैन ।

**६.४.४. आचारसंहिता**

६.४.४.१ अनिवार्य रूपमा वालसंरक्षण नीति, आचार संहिता, उजुरी तथा सुनुवाइको प्रक्रिया तर्जुमा गरी लागु गर्नुपर्ने छ । उक्त नीतिवारे छात्रावासका सबै बालबालिका, वार्डेन तथा कर्मचारीहरूलाई अभिमुखीकरण गर्नुपर्ने छ ।

६.४.४.२ छात्रावास वार्डेन, छात्रावास व्यवस्थापन समिति, कर्मचारीहरू तथा विद्यार्थीको लागि उनीहरूकै सहभागितामा छुट्टाछुट्टै आचारसंहिता तयार गरी सबैले देख्ने गरी टाँस गर्नुपर्ने छ ।

६.४.४.३ विद्यार्थीमाथि छात्रावासका कर्मचारी वा अन्य कसैवाट पनि हुनसक्ने शारीरिक तथा मानसिक दुर्व्यवहार, हेपाइजन्य व्यवहार र अन्य हिंसालाई शून्य सहनशीलता कायम गर्न आचारसंहिता बनाई लागू गर्नुपर्ने छ ।

६.४.४.४ विद्यार्थीहरूलाई इन्टरनेट अनलाइनबाट हुनसक्ने दुर्व्यवहारबाट सुरक्षित रहन सचेत गराउनु पर्ने छ ।

६.४.४.५ छात्रावासको वार्डेन तथा कर्मचारीहरू नियुक्ति गर्दा नै उनीहरूबाट बालबालिकामाथि कुनै खालको दुर्व्यवहार नहुने सुनिश्चतताका लागि बाल संरक्षण नीति र आचार संहितामा लिखित प्रतिबद्धता लिनुपर्ने छ ।

६.४.४.६ बालसंरक्षण सुनिश्चित गर्न औपचारिक/अनौपचारिक उजुरी तथा सुनुवाई सम्बन्धित वार्डेन र जिल्ला छात्रवृत्ति व्यवस्थापन समितिमा गर्ने व्यवस्था मिलाउनुपर्ने छ । साथै बाल संरक्षणसम्बन्धी उजुरी तथा सुनुवाइ गर्न तिन सदस्यीय बाल संरक्षण समिति गठन गर्नुपर्ने छ । सो समितिले बाल संरक्षण नीति तथा आचारसंहिताको पालना गरे नगरेको अनुगमन तथा रिपोर्टिङ गर्नुपर्ने छ ।

## ६.५ खेलकुद अतिरिक्त क्रियाकलाप र मनोरन्जन

६.५.१ छात्रावासमा दैनिकरूपमा केही समय (बिदाको दिन वाहेक) मनोरञ्जनका लागि समय छुट्याउनुपर्ने छ । मनोरञ्जनका लागि प्रति २० जना छात्रछात्रा बराबर एउटा टेलिभिजनको व्यवस्था गरी बेलुका ३० मिनेट टेलिभिजन हेर्ने व्यवस्था गर्नुपर्दछ । साथै विद्यार्थीहरूलाई नियमित शारीरिक व्यायाम तथा सिर्जनात्मक अभ्यास गर्न पाउने व्यवस्था समेत गर्नुपर्ने छ ।

६.५.२ छात्रावासमा खेलकुद र मनोरञ्जनको सामाग्रीहरूको व्यवस्था हुनुपर्ने छ । साथै विद्यार्थीहरूलाई छात्रावासभित्र र वाहिर आयोजना भएको वा हुने खेलकुद, साहित्यिक, साङ्गीतिक लगायतका सिर्जनात्मक क्रियाकलापमा भाग लिन प्रोत्साहित गर्नुपर्ने छ ।

६.५.३ मनोरञ्जन, खेलकुद वा अन्य कार्यक्रममा सहभागी हुँदा विद्यार्थीहरूलाई दुर्घटना वा अन्य खतराबाट जोगाउन सधैं ध्यान दिनुपर्ने छ ।

६.५.४ छात्रावासमा सदन वा बालक्लबको व्यवस्था गर्नुपर्ने छ । छात्रावासका विद्यार्थीहरूका लागि बालक्लबमा सामेल भएर काम गर्न प्रोत्साहित गर्नुपर्ने छ । सदनको नामाकरण गर्दा नेपालका प्राकृतिक स्थल वा राष्ट्रिय सम्पदा वा अन्य राष्ट्रिय महत्त्वका विषय हुनुपर्ने छ ।

६.५.४ उमेर र परिपक्वता अनुरूप विद्यार्थीलाई छात्रावासका सञ्चालन (खाना, स्वास्थ्य, शिक्षा, खेलकुद) लगायतका कुराहरूमा सहभागी गराउनुपर्ने छ ।

६.५.५ अन्तर सदन अतिरिक्त क्रियाकलापको व्यवस्था गर्नुपर्ने छ ।

## ६.६. स्वास्थ्य र स्वास्थ्योपचारको व्यवस्था

६.६.१ छात्रावासमा प्राथमिक उपचारको व्यवस्था गर्नुपर्ने छ । प्राथमिक उपचार बाकसको व्यवस्था गर्नुपर्नेछ र त्यहाँका कर्मचारीमध्ये कम्तीमा १ जनाले प्राथमिक उपचार सम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्दछ ।

६.६.२ छात्रावासमा विद्यार्थी बिरामी पर्दा आराम कक्षको व्यवस्था गर्नुपर्ने छ । साथै विद्यार्थीहरुलाई सङ्क्रमित रोग लागेमा छुट्टै राख्ने व्यवस्था गर्नुपर्ने छ ।

६.६.३ कम्तीमा  महिनाको एकपटक विद्यार्थीहरूको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गर्नुपर्ने छ । यसका लागि जिल्ला जनस्वास्थ कार्यालय, अस्पताल वा स्वास्थ केन्द्रसँग समन्वय गर्नुपर्ने छ ।

६.६.४ प्रत्येक बालबालिकालाई आधारभूत खोप सेवाको सुनिश्चितता गर्नुपर्ने छ ।

६.६.५ नियमित स्वास्थ्य परीक्षणपश्चात् विशेषज्ञ स्वास्थ सेवा आवश्यकता भएमा उनीहरुका अभिभावकलाई जानकारी गराउनुपर्ने छ ।

६.६.६ छात्रावासका विद्यार्थीहरू गम्भीर रूपमा बिरामी भएमा वा निजलाई गम्भीर चोटपटक लागेमा परिवारका सदस्य वा बालबालिकाले इच्छाएको व्यक्ति वा संस्थालाई उपलव्ध भएसम्म छिटो साधनद्वारा जानकारी दिनुपर्ने छ ।

६.६.७ छात्रावासमा दुर्घटना वा आपतकालीन अवस्था आइपरेमा तुरुन्त सूचना दिने सङ्केतको व्यवस्था गर्नुपर्ने छ ।

६.६.८ विद्यार्थीहरूलाई घाउचोट लागेमा वा विरामी भएमा तुरुन्त उपयुक्त उपचारको व्यवस्था गरिहाल्नुपर्ने छ ।

६.६.९ प्रत्येक बालबालिकालाई व्यक्तिगत सरसफाइको सुनिश्चतता गर्नुपर्ने छ । जस्तै : टुथ ब्रस, मन्जन, नेलकटर, साबुन, टावेलको छुट्टाछुट्टै व्यवस्था गर्नुपर्ने छ ।

## ६.७. पुस्तकालय

६.७.१ प्रत्येक छात्रावासमा वाचनालयसहितको पुस्तकालयकक्षको छुट्टै व्यवस्था मिलाइएको हुनुपर्ने छ । यस प्रकारको पुस्तकालयमा कम्तीमा १० जना विद्यार्थी एकै साथ बसेर पढन, सुन्न, हेर्न सक्ने कोठा हुनुपर्ने छ ।

६.७.२ पुस्तकालयमा पाठ्यपुस्तक, मनोरञ्जन सामग्री, सन्दर्भ सामग्री, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, वैज्ञानिक, भौगोलिक, नैतिक तथा आध्यात्मिक ज्ञान

दिने पुस्तकहरू सङ्ग्रहित भएको हुनुपर्ने छ । साथै स्थानीय मातृभाषाका पुस्तकहरू पनि आवश्यकताअनुसार राख्नुपर्ने छ ।

६.७.३ सूचना प्रविधिमा आधारित सामग्रीसमेतको व्यवस्था मिलाइएको हुनुपर्ने छ ।

६.७.४ अपाङ्गता भएका विद्यार्थीहरूका लागि अपाङ्गताको प्रकार अनुसारका सामग्रीहरू (जस्तै दृष्टिविहीनका लागि ब्रेललिपि, सुस्त श्रवण भएकाहरूका लागि दृष्य सामग्रीहरू) को व्यवस्था गर्नुपर्ने छ ।

६.७.५. एउटै विद्यालयको स्वामित्वमा सञ्चालित छात्रावास भएमा विद्यालय रहेको पुस्तकालय प्रयोग गर्न सकिनेछ तर विद्यालयको स्वामित्वमा नरहेका छात्रावासहरूले पुस्तकालय प्रयोग गर्ने अवस्थामा विद्यालय समयभन्दा बाहेक कम्तीमा २ घण्टा पुस्तकालय प्रयोग गर्न पाउने व्यवस्था मिलाउनुपर्ने छ ।

६.७.६ अश्लील प्रकृतिका र विचारलाई दुष्प्रभावित पार्ने किसिमका पुस्तकहरू पुस्तकालयमा सङ्कलित गर्न हुने छैन ।

६.७.७ पुस्तकालयमा राष्ट्रियस्तर तथा स्थानीयस्तरका दैनिक, साप्तहिक, पाक्षिक लगायतका पत्रपत्रिकाहरू छुट्टाछुट्टै फाइलमा सङ्कलित गरी विद्यार्थीहरूलाई अध्ययनको व्यवस्था मिलाउनुपर्ने छ ।

६.७.८ पुस्तकालयमा सङ्ग्रहित पुस्तक विद्यार्थीहरूले पढ्ने व्यवस्था मिलाइएको हुनुपर्ने छ ।

६.७. ९ पुस्तकालयमा उपयुक्त साइजका टेबुल, कुर्सी, वा साना टेबुल वा जुट, उनीका कार्पेट माथि चकटी पर्याप्त राखिएको हुनुपर्ने छ ।

६.७.१० पुस्तकालयमा राखिएका पुस्तक र प्रयोगको अभिलेख निरन्तर रूपमा अद्यावधिक गरी गराई राख्नुपर्ने छ ।

## ६.८. सामाजिकीकरण

छात्रावासमा बसी अध्ययन गर्ने छात्रछात्राको सामाजिकीकरण गर्न देहायको व्यवस्था छात्रावास व्यवस्थापन समितिले गर्नुपर्ने छ ।

६.८.१ विद्यार्थीरूको स्वागत, जन्मोत्सव, विदाइ जस्ता कार्यक्रमहरू उनीहरूकै नेतृत्वमा नियमित रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

६.८.२ समुदायमा मनाइने विभिन्न किसिमका धार्मिक, सांस्कृतिक चाडपर्वहरू मनाउने व्यवस्था मिलाउनुपर्ने छ ।

६.८.३ स्थानीय समुदायमा गई सामुदायिक कार्यहरूमा सहभागिता र आवश्यक सहयोग पुऱ्याउने व्यवस्था मिलाउनुपर्ने छ ।

६.८.४ विशेष अवसर पारी विशेष स्थानहरूको कम्तीमा वर्षको एक पटक स्थलगत भ्रमणको व्यवस्था मिलाउनुपर्ने छ ।

६.८.५ स्थानीय तहमा उपलब्ध प्रतिष्ठित कुनै कार्यमा दक्ष व्यक्तिहरूबाट नैतिक आचरण तथा जीवन उपयोगी सिपसम्बन्धी प्रवचन तथा अन्तरक्रिया गर्ने व्यवस्था वर्षमा कम्तीमा ४ पटक मिलाउनुपर्ने छ ।

६.८.६ बिहान बेलुका खाना खाँदा समावेशिताको आधारमा बसाइ व्यवस्था मिलाउनुपर्ने छ ।

६.८.७ छुवाछुत, अपाङ्गताजस्ता विभेदपूर्ण अवधारणा र व्यवहारलाई दुरुत्साहित गर्न अनुशिक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने छ ।

६.८.८ स्वावलम्बी बानी विकासका लागि आफ्नो कामको सूचीकरण, समय तालिका निर्माण तथा कामको विभाजन गर्ने र सो अनुसार कार्य गर्न प्रोत्साहन गर्नुपर्ने छ ।

६.८.९ छात्रावासमा आउने विद्यार्थीहरूका लागि माथिल्लो कक्षाका विद्यार्थीहरूबाट सहजीकरण गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

६.८.१० समसामयिक विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

## ६.९.मनोसामाजिक सहयोग

छात्रावासमा बसी अध्ययन गर्ने छात्रछात्राको मनोसामाजिक सहयोग गर्न देहायको व्यवस्था विद्यालय व्यवस्थापन समितिले वा निजी क्षेत्रबाट सञ्चालित छात्रावासको हकमा छात्रावास व्यवस्थापन समितिले गर्नुपर्ने छ :

६.९.१ दैनिक बिहान कम्तीमा ३० मिनेट योग, ध्यान, व्यायाम गर्ने व्यवस्था अनिवार्य गर्नुपर्ने छ ।

६.९.२ अतिरिक्त कार्यको रूपमा गीत, सङ्गीत, भजन, कीर्तन, नृत्य, कथा वाचन, चित्र बनाउने जस्ता क्रियाकलापहरू समय तालिका बनाई सञ्चालन गर्नुपर्ने छ ।

६.९.३ छात्रावास वार्डेन तथा अन्य कर्मचारीलाई बालमनोपरामर्श विशेषज्ञबाट तालिम उपलब्ध गराई विद्यार्थीहरूलाई मनोसामाजिक सहयोग उपलब्ध गर्नुपर्ने छ ।

६.९.५ विद्यार्थीहरूलाई वृत्ति विकास, साथी छनोट, स्व-व्यवस्थापन, तनाव व्यवस्थापन, समय व्यवस्थापन, उचित आहार विहार जस्ता विषयमा विज्ञबाट परामर्श सेवा उपलब्ध गराउने र विद्यार्थीहरूबाट आउने गुनासाहरू सुन्ने र समाधान गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

६.९.६ प्रत्येक दिन विद्यार्थीहरूले आ-आफनो दिनभरको क्रियाकलाप, आफूलाई कुनै समस्या भएमा त्यस्ता कुराहरू पालैपालो सङ्क्षिप्त रूपमा अनुभव आदान प्रदान गर्ने गराउनुपर्ने छ ।

६.९.७ दैनिक रूपमा छात्रावासमा रहने सबैजनाको सहभागितामा उत्सव मनाउने जस्तै कथा, चुट्किला भन्ने व्यवस्था मिलाउनुपर्ने छ ।

६.९.८ बालबालिकामा आउने उमेरअनुसारको शारीरिक, मानसिक र संवेगात्मक परिवर्तनको बारेमा अग्रिम जानकारी गराई मानसिक तयारी गराउनुपर्ने छ ।

६.९.९ मनोसामाजिक समस्या भएमा त्यस्ता विद्यार्थीहरूलाई मनोचिकित्सक वा मनोविमर्शकर्ताबाट सहयोग दिलाउने व्यवस्था मिलाउनुपर्ने छ ।

**६.१०. सञ्चार**

६.१०.१ छात्रावासमा टेलिफोन, रेडियो, कम्प्युटर, इन्टरनेट र विद्युतको व्यवस्था गर्नुपर्ने छ ।

६.१०.२ विद्यार्थीहरूलाई सिनेमा वा भिडियो र टेलिभिजन हेर्न र इन्टरनेट प्रयोग गर्न दिँदा उमेर र वैयक्तिक अवस्थाअनुसार उचित संरक्षणको व्यवस्था मिलाउनुपर्ने छ ।

# परिच्छेद - ७

## ७. अन्य व्यवस्था

### ७.१. विद्यार्थीको वैयक्तिक अभिलेख

७.१.१. छात्रावासमा बस्ने सबै विद्यार्थीहरूको वैयक्तिक विवरण अनुसूची-२ बमोजिम अद्यावधिक गरी छात्रावास वार्डेनले राख्नुपर्ने छ ।

### ७.२. अनुगमन तथा नियमन

७.२.१ विद्यालय निरीक्षक र स्रोतव्यक्तिले विद्यालय छात्रावासको अनुगमन कम्तीमा वर्षको दुई पटक गरी सोको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेस गर्नुपर्ने छ ।

७.२.२ जिल्लास्तरीय छात्रवास व्यवस्थापन समितिबाट कम्तीमा वर्षको दुई पटक अनुगमन गरी सोको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पठाउनुपर्ने छ । जिल्ला शिक्षा कार्यालयले उक्त प्रतिवेदनको एकीकृत रुप तयार गरी वार्षिक रुपमा क्षेत्रीय शिक्षा निर्देशनालय तथा शिक्षा विभागमा पठाउनुपर्ने छ ।

### ७.३. कर्मचारी व्यवस्थापन

छात्रावासमा देहाय बमोजिमका कर्मचारीहरू रहने छन् र उनीहरुको नियुक्ति र जिम्मेवारी सम्बन्धी व्यवस्था अनुसूची-४ बमोजिम हुने छ ।

**१. वार्डेन**

**२. भान्से/आया**

**३. स्टोर किपर** (सय जनाभन्दा बढी विद्यार्थी भएको अवस्थामा)

**४. छात्रावास सहयोगी**

**५ .चौकीदार**

**६. चालक** (सवारी साधनको व्यवस्था भएको छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरू बस्ने र सवारी साधन भएको छात्रावासको हकमा)

**७. हेल्पर** (सवारी साधनको व्यवस्था भएको छात्रावास । अपाङ्गता भएका विद्यार्थीहरू बस्ने र सवारी साधन भएको छात्रावासको हकमा)

## अनुसूची - १

### छात्रावास खोल्नका लागि दिइने निवेदन

**श्रीमान जिल्ला शिक्षा अधिकारीज्यू**

**जिल्ला शिक्षा कार्यालय..................................**

### विषय : छात्रावास खोल्ने अनुमति सम्बन्धमा

महोदय,

शैक्षिक सत्र...........देखि............तहका विद्यार्थीहरुलाई आवासका लागि छात्रावास खोल्न चाहेकोले अनुमतिका लागि देहायका विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

**प्रस्तावित छात्रावासको नाम**

१. नाम ................................

२. ठेगाना....................गा.वि.स/न.पा...............

वडा नं...........................गाउ/टोल...................फोन...........

फ्याक्स नं

**छात्रावासको किसिम**

१. सामुदायिक विद्यालयमा आवद्ध २.संस्थागत विद्यालयमा आवद्ध ३.सेवामूलक संस्थावाट सञ्चालित

**छात्रावासको भौतिक अवस्था**

जम्मा भवन सङ्ख्या.............छात्राको............छात्रको..........

शौचालय सङ्ख्या..............

छात्रको............. छात्राको..................

स्नान घरको व्यवस्था................

खेल मैदानको व्यवस्था............

पुस्तकालयको व्यवस्था................

भोजन कक्षको व्यवस्था.............

**छात्रावासको वार्षिक कार्यतालिकाको व्यवस्था**

खेल र मनोरञ्जनको व्यवस्था............

# अनुसूची - २

## छात्रावासमा बस्ने विद्यार्थीको वैयक्तिक विवरण

विद्यालयको नाम र ठेगाना

विद्यार्थीको नाम थर :

विद्यार्थीको फोटो

जन्ममिति :

स्थायी ठेगाना :

बाबुको नाम थर :

फोन नं. :

आमाको नाम थर : फोन नं. :

बाजेको नाम थर : फोन नं. :

*(टेलिफोन नं. नभएको अवस्थामा नजिकको सुरक्षा निकाय रहेको स्थान र सम्पर्क नं.टिपोट गर्नुपर्नेछ)*

परिवारको सदस्य सङ्ख्या :

दाजु भाइ दिदी बहिनीको सङ्ख्या :

**अन्य व्यक्तिको संरक्षणमा रहेको भए**

संरक्षकको नाम थर : विद्यार्थीसँगको नाता :

संरक्षकको ठेगाना : सम्पर्क फोन नं. :

कुनै रोग/समस्या भए सोको नाम :

अपनाउनु पर्ने सावधानी :

........................................................................................................

**छात्रावासबाट विद्यार्थीलाई बाहिर लैजान आउने व्यक्तिहरु :**

| नाम थर | ठेगाना | नाता | फोटो |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## अनुसूची - ३

### विद्यार्थीलाई छात्रावास बाहिर पठाउँदा/लैजाँदा भनुपर्ने अभिलेख/विवरणको ढाँचा

विद्यालयको नाम :

विद्यालयको ठेगाना :

(यो फाराम छात्रावासमा बसी अध्ययन गर्ने विद्यार्थीलाई आफन्तले निश्चित समय र प्रयोजनका लागि छात्रावास बाहिर लैजाँदा वार्डेनले भर्नुपर्नेछ । विद्यार्थी लैजाने व्यक्तिलाई वार्डेनले नचिनेको अवस्थामा निजले आफ्नो स्पष्ट परिचय खुल्ने कागजात सँगै लिई नआएको अवस्थामा वार्डेनले बाहिर लैजाने अनुमति दिने छैन । तोकिएको अवधि भित्र फिर्ता नल्याएमा तत्काल सम्पर्क गरी सो को कारण पत्ता लगाई विद्यालयका प्रधानाध्यापकलाई जानकारी गराउनुपर्दछ ।)

| क्र.सं. | मिति | विद्यार्थीको नाम | विद्यार्थीलाई लैजाने व्यक्तिको नाम | फोन नं. | विद्यार्थीसँगको नाता | लैजानुपर्ने कारण | लैजाने समय | ल्याउने समय | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची - ४

## छात्रावासमा रहने कर्मचारीहरू नियुक्ति र जिम्मेवारी सम्बन्धी व्यवस्था

**१. वार्डेन :**

(क) जुन तहका विद्यार्थी बस्ने छात्रावास हो कम्तीमा त्योभन्दा एक तह माथिको शिक्षा प्राप्त व्यक्ति हुनुपर्ने छ ।

(ख) १८ वर्ष पुरा भएको नेपाली नागरिक हुनुपर्ने छ ।

(ग) छात्रावास व्यवस्थापन तालिम प्राप्त व्यक्तिलाई प्राथमिकता दिनुपर्ने छ ।

(घ) विशेष विद्यालयहरूको छात्रावासको हकमा सम्बन्धित अपाङ्गताको विषयसँग सम्बन्धित तालिम प्राप्तलाई प्राथमिकता दिनुपर्ने छ ।

(ङ) वार्डेन नियुक्त गर्दा स्थानीय परिवेश, संस्कति, भाषा आदिसँग परिचित व्यक्तिहरूलाई ग्राह्यता दिनुपर्ने छ ।

**मुख्य जिम्मेवारी (कार्य)**

(क) छात्रावासमा बसी विद्यार्थीहरूलाई सहजकर्ताको भूमिका निर्वाह गर्ने, परामर्श दिनुपर्ने छ ।

(ख) छात्रावासका विद्यार्थीहरूको रेखदेख गरी जोखिम न्यूनीकरण गर्नुपर्ने छ ।

(ग) बालबालिकाको अभिलेख राख्नुपर्ने छ ।

(घ) अभिभावकसँग समन्वय गर्नुपर्ने छ ।

(ङ) छात्रावास व्यवस्थापन समितिले तोकिदिएका अन्य कामहरू गर्ने गराउनुपर्ने छ ।

(च) खाद्यपदार्थको गुणस्तर परीक्षण गराउन सहजीकरण गर्नुपर्ने छ ।

(छ) अनुशासन कायम गर्ने, आचारसंहिता पालना गर्ने, गराउनुपर्ने छ ।

(ज) बालबालिकाको अध्ययन सम्बन्धमा समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्ने छ ।

**२. भान्से/आया :**

(क) आधारभूत तहको शिक्षा प्राप्त गरेको हुनुपर्ने छ ।

(ख) १८ वर्ष पुरा भएको नेपाली नागरिक हुनुपर्ने छ ।

(ग) विशेष विद्यालयहरूको छात्रावासको हकमा सम्बन्धित अपाङ्गताको विषयसँग सम्बन्धित तालिम प्राप्तलाई प्राथमिकता दिन सकिने छ ।

**मुख्य जिम्मेवारी (कार्य)**

(क) छात्रावासमा बसेका विद्यार्थीहरूलाई तोकिएबमोजिमको भोजन तयार गरी खुवाउने व्यवस्था मिलाउनुपर्ने छ ।

(ख) छात्रावासमा बसी विद्यार्थीहरूलाई परेका मर्का बुझी छात्रावासका वार्डेनलाई बताउनुपर्ने छ ।

(ग) छात्रावासमा तयार गरिएको खानाको सूची अनुसार एक दिन अगावै माग गर्नुपर्ने छ ।

(घ) खाद्य पदार्थ वा सामाग्रीहरूमा सिकायत भएका वार्डेन वा छात्रावास व्यवस्थापनसँग सूचना जानकारी दिनुपर्ने छ ।

(ङ) लुगा धुने र सरसफाइको व्यवस्था मिलाउनुपर्ने छ ।

**३. स्टोर किपर (सय जनाभन्दा बढी विद्यार्थी भएको अवस्थामा) :**

(क) मान्यता प्राप्त शिक्षणसंस्थाबाट न्यूनतम १० जोड २ उत्तीर्ण वा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको हुनुपर्ने छ ।

(ख) १८ वर्ष पुरा भएको नेपाली नागरिक हुनुपर्ने छ ।

(ग) विशेष विद्यालयहरूको छात्रावासको हकमा सम्बन्धित अपाङ्गताको विषयसँग सम्बन्धित तालिम प्राप्तलाई प्राथमिकता दिनुपर्ने छ ।

**मुख्य जिम्मेवारी (कार्य)**

(क) आया अथवा भान्सेले माग गरेअनुसार सन्तुलित खाद्य सामग्रीको खरिद गर्ने र व्यवस्थापन गर्नुपर्नेछ ।

(ख) भान्सामा आवश्यक सामानहरूको व्यवस्था गर्नुपर्ने छ ।

(ग) प्रत्येक महिना आवश्यक सामाग्रीहरूको सूची तयार गरी वार्डेनमार्फत् सञ्चालक समितिमा पेस गर्ने र आवश्यकताअनुसार वैकल्पिक व्यवस्था गर्नुपर्ने छ ।

**४. छात्रावास सहयोगी :**

(क) आधारभूत तहको शिक्षा प्राप्त गरेको हुनुपर्ने छ ।

(ख) १८ वर्ष पुरा भएको नेपाली नागरिक हुनुपर्ने छ ।

(ग) विशेष विद्यालयहरूको छात्रावासको हकमा सम्बन्धित अपाङ्गताको विषयसँग सम्बन्धित तालिम प्राप्तलाई समेत प्राथमिकता दिन सकिने छ ।

**मुख्य जिम्मेवारी (कार्य)**

(क) छात्रावासमा बसी त्यहाँको दैनिक सरसफाइ तथा भान्साको सरसफाइसम्बन्धी कार्य गर्नुपर्ने छ ।

(ख) छात्रावासको व्यवस्थापन समिति वार्डेन तथा स्टोर किपरले लगाएका अन्य कामहरू गर्नुपर्ने छ ।

(ग) आवश्यक परेमा आयालाई उनको काममा सहयोग गर्नुपर्ने छ ।

(घ) आवतजावतमा अप्ठ्यारो परेका विद्यार्थीहरूलाई खाना खान तथा विद्यालयमा आउन जानको लागि आवश्यक काम गर्नुपर्ने छ ।

(ङ) विद्यालयसहित छात्रावास भएको अवस्थामा विद्यालयको काम पनि गर्नुपर्ने छ ।

**५ .चौकीदार :**

(क) आधारभूत तहको शिक्षा प्राप्त गरेको हुनुपर्ने छ ।

(ख) १८ वर्ष पुरा भएको नेपाली नागरिक हुनुपर्ने छ ।

(ग) विशेष विद्यालयहरूको छात्रावासको हकमा सम्बन्धित अपाङ्गताको विषयसँग सम्बन्धित तालिम प्राप्तलाई प्राथमिकता दिन सकिने छ ।

**मुख्य जिम्मेवारी (कार्य)**

(क) २४ घण्टा छात्रावासको सुरक्षाको जिम्मेवारी लिनुपर्ने छ ।

(ख) खतराको महसुस भएमा वार्डेनलाई सूचना गर्नुपर्ने छ ।

(ग) विद्यार्थीहरूको आवतजावतको रेकर्ड राख्नुपर्ने छ ।

(घ) छात्रावासमा आउने जाने व्यक्तिहरूको रेकर्ड राख्नुपर्ने छ ।

**६. चालक** (सवारी साधनको व्यवस्था भएको छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरू बस्ने र सवारी साधन भएको छात्रावासको हकमा)

**७. हेल्पर** (सवारी साधनको व्यवस्था भएको छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरू बस्ने र सवारी साधन भएको छात्रावासको हकमा)

## अनुसूची - ५

### नेपाल सरकारको अनुदानमा छात्रावासमा बस्ने विद्यार्थी छनौटका आधारहरु

नेपाल सरकारबाट सूचीकृत भएका तपसिल बमोजिमका जातजातिहरुलाई छनौटमा प्राथमिकता दिनुपर्ने छ ।

**१. आदिवासी जनजाति**

| | | | | |
|---|---|---|---|---|
| १. किसान | २. कुमाल | ३. कुसवाडिया | ४. कुसुण्डा | ५. गनगाई |
| ६. गुरुङ | ७. चेपाङ | ८. छन्त्याल | ९. छैरोतन | १०. जिरेल |
| ११. झागड | १२. डोल्पो | १३. ताङ्वे | १४. ताजपुरिया | १५. तामाङ |
| १६. तिन गाउँले काली | १७. ताप्केगोला | १८. थकाली | १९. थामी | २०. थारु |
| २१. थुदाम | २२. दनुवार | २३. दराई | २४. दुरा | २५. धानुक |
| २६. धिमाल | २७. नेवार | २८. पहारी | २९. फ्री | ३०. वनकारीया |
| ३१. बरामो | ३२. बाह्र गाउँले | ३३. बोटे | ३४. भुजेल | ३५. भोट |
| ३६. मगर | ३७. माझी | ३८. मार्फाली | ३९. मुगाली | ४०. मेचे (वोडो) |
| ४१. याक्खा | ४२. राई | ४३. राउटे | ४४. राजवंशी(कोच) | ४५. राझी |
| ४६. लार्के | ४७. लिम्बु | ४८. लेप्चा | ४९. ल्होपा | ५०. ल्होमी (सिङसावा) |
| ५१. वालुङ | ५२. व्यासी | ५३. शेर्पा | ५४. सतार(सन्थाल) | ५५. सियार |
| ५६. सुरेल | ५७. हायु | ५८. ह्योल्मो | | |

**२. दलित जातजातिहरुको सूची**

**(क) पहाडे मूल :**

१.गन्धर्व(गाइने) २.परियार(दमाई, दर्जी, सुचीकार, नगर्ची, ढोली, हुड्के) ३.बादी ४.विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनँरा, पार्की, टमाटा) ५.सार्की (मिजार, चर्मकार, भूल)

**(ख) मधेसी मूल :**

१. कलर २. दुसाध (पासवान, हजरा) ३. ककैहिया ४. धोवी (रजक) हिन्दु ५.कोरी ६.पत्थरकट्टा ७. खटिक ८.पासी ९. खत्वे (मण्डल, खङ्ग) १०. बाँतर ११.चमार (राम, मोची, हरिजन, रविदास) १२. मुसहर १३. चिडिमार १४. मेस्तर (हलखोर) १५. डोम (मरिक) १६. सरभङ्ग (सरवरिया) १७. तत्मा (ताँती, दास)

## ३. पिछडा वर्गको सूची

कुशवाहा, कुर्मी, कुमाहार, कहार, केवट, कानु, कमार, कलवार, तेली, नुनिया, बनिया, भेडीभर, माली, मल्लाह, मुसलमान, बरै, यादव, राजभर, राजघोव, रौनियार, लोहार, लोध, सुडी, सैनी, सोनार, हलुवाई, हजाम, अमात, केवरत आदि ।

## ४. नेपालका आदिवासी जनजातिहरुको वर्गीकरण (सन्दर्भका लागि)

१. **लोपोन्मुख समूह :** कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवाडिया,

२. **अतिसीमान्तकृत समूह :** माझी, सियार, ल्होमी, थुदाम, धानुक, चेपाङ, सतार, थामी, झागड, बोटे, दनुवार, बरामु

३. **सीमान्तकृत समूह :** सुनुवार, थारु, तामाङ, भुजेल, कुमाल, राजवंशी, गन्गाई, धिमाल, भोटे, दराई, ताजपुरिया, पहरी, ताप्केगोला, डोल्पो, फ्री, मुगाल, लार्के, ल्होपा, दुरा, वालुङ

४. **सुविधावञ्चित समूह :** गुरुङ, मगर, राई, लिम्बु, छैरोतन, ताङबे, तिनगाउँले, थकाली, बाह्र गाउँले, मार्फाली, थकाली, शेर्पा, याक्खा, छन्त्याल, जिरेल, व्यासी, ह्योल्मो ।

## (क) फिडर छात्रावासको लागि विद्यार्थी छनौटका आधारहरु

१. माथि उल्लिखित लक्षित समूहका आर्थिक रुपले पछाडि परेका बालिकालाई प्राथमिकता दिनुपर्नेछ र सो वर्गका बालिका उपलब्ध हुन नसकेमा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका बालिका छनौट गर्न सकिने छ ।

२. यसका लागि जिल्ला छात्रावास व्यवस्थापन समितिले निर्णय गरी त्यस्ता वर्गहरु पहिचान गरी सूचीकृत गर्न सक्नेछ र सो को आधारमा विद्यालय छात्रावास व्यवस्थापन समितिले विद्यार्थी छनौट गर्ने छ ।

३. कक्षा ९ देखि १२ सम्म अध्ययनरत बालिकाहरु छनौट गर्नुपर्ने छ ।

## (ख) हिमाली छात्रावासको लागि विद्यार्थी छनौटका आधारहरु

१. माथि उल्लिखित लक्षित समूहका आर्थिक रुपले पछाडि परेका बालबालिकालाई प्राथमिकता दिनुपर्नेछ र सो वर्गका बालबालिका उपलब्ध हुन नसकेमा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका बालबालिका छनौट गर्न सकिने छ ।

२. यसका लागि जिल्ला छात्रावास व्यवस्थापन समितिले निर्णय गरी त्यस्ता वर्गहरु पहिचान गरी सूचीकृत गर्न सक्नेछ र सोको आधारमा विद्यालय छात्रावास व्यवस्थापन समितिले विद्यार्थी छनौट गर्ने छ ।

३. कक्षा ६ देखि १० सम्म अध्ययनरत बालबालिकाहरु छनौट गर्नुपर्ने छ ।

## (ग) मुक्त कमलरी छात्रावासको लागि विद्यार्थी छनौटका आधारहरु

१. छात्रावासमा बसी अध्ययन गर्नुपर्ने मुक्त कमलरी बालिकाहरुको छनौट जिल्ला छात्रावास व्यवस्थापन समितिले गर्ने छ ।

**(घ) नमुना छात्रावासको लागि विद्यार्थी छनौटका आधारहरु**

१. शिक्षा विभाग र बुढानीलकण्ठ स्कुलको सहकार्यमा दरखास्त आव्हान, परीक्षा सञ्चालन र विद्यार्थी सत्यापन जिल्ला शिक्षा कार्यालयवाट भएको आधारमा सिफारिश गर्ने काम बुढानीलकण्ठ स्कुल सिफारिस समितिमार्फत हुने छ ।

२. यसरी छनौट भएका विद्यार्थीहरुलाई आवासीय सुविधासहितको अध्ययन अध्ययापन गराउनुपर्ने छ ।

३. छात्रवृत्तिको सुविधा कक्षा ५ देखि १० सम्मका विद्यार्थीहरुलाई उपलब्ध गराउन सकिने छ ।

४. छात्रवृत्तिको लागि सम्भव भएसम्म मुलुकका विभिन्न भागवाट विद्यार्थीहरुको छनौट गर्नुपर्ने छ ।

(ङ) कोटाभन्दा बढी सङ्ख्यामा आवेदन पर्न आएमा लब्धाङ्कपत्रको आधारमा उच्चतम अङ्कलाई आधार मानी छनौट गर्नुपर्ने छ । यदि अन्य छनोट प्रक्रिया (जस्तैः अन्तर्वार्ता, लिखित) पनि अपनाउनुपर्ने आवश्यकता जि.शि.का ले महसुस गरेमा सो समेत अपनाउन सकिने छ ।

(च) छनोट भएका बालबालिकाहरु शैक्षिक सत्र सुरु भएको ३० दिनभित्र नआएमा, छात्रावासमा बसी अध्ययन गरिरहेका छात्राले बिचैमा कक्षा छाडेमा वा पढिरहेको कक्षामा वार्षिक परीक्षामा लगातार दुईपटक अनुत्तीर्ण भएमा विद्यालय छात्रावास व्यवस्थापन समितिको निर्णयानुसार बालबालिकालाई फिर्ता पठाइएको जानकारी सम्बन्धित अभिभावकलाई दिनुपर्ने छ ।

## अनुसूची - ६

## नेपाल सरकारको अनुदानमा सञ्चालित छात्रावासहरुको नामावली

### (क) फिडर होस्टेलको नाम र ठेगाना

| क्र.सं. | विद्यालय | जिल्ला | कोटा | जम्मा कोटा |
|---|---|---|---|---|
| १. | श्री आदर्श मा.वि., इलाम | इलाम | ५ | २० |
| | | झापा | ३ | |
| | | तेह्रथुम | ३ | |
| | | धनकुटा | ३ | |
| | | पाँचथर | ३ | |
| | | ताप्लेजुङ | ३ | |
| २. | श्री सगरमाथा जनता मा.वि., ओखलढुङ्गा | भोजपुर | ३ | २० |
| | | उदयपुर | ४ | |
| | | ओखलढुङ्गा | ४ | |
| | | खोटाङ | ३ | |
| | | सङ्खुवासभा | ३ | |
| | | सोलुखुम्बु | ३ | |
| ३. | श्री महेन्द्र आदर्श मा.वि.महोत्तरी | महोत्तरी | ४ | २० |
| | | सप्तरी | ४ | |
| | | धनुषा | ४ | |
| | | मोरङ | ४ | |
| | | सुनसरी | ४ | |
| ४. | श्री महाविर जनता मा.वि.सर्लाही | सर्लाही | ७ | २० |
| | | सिरहा | ७ | |
| | | सिन्धुली | ६ | |
| ५. | श्री त्रिभुवन त्रिशुली मा.वि., नुवाकोट | रसुवा | ६ | २० |
| | | नुवाकोट | ८ | |

| क्र.सं. | विद्यालय | जिल्ला | कोटा | जम्मा कोटा |
|---|---|---|---|---|
| | | धाडिङ | ६ | |
| ६. | श्री मोहन कन्या मा.वि., पाल्पा | कास्की | ४ | २० |
| | | पाल्पा | ४ | |
| | | तनहुँ | ४ | |
| | | स्याङ्जा | ४ | |
| | | गुल्मी | ४ | |
| ७. | श्री वाणगंगा मा.वि., कपिलवस्तु | कपिलवस्तु | ५ | २० |
| | | अर्घाखाँची | ५ | |
| | | रुपन्देही | ५ | |
| | | नवलपरासी | ५ | |
| ८. | श्री पद्‌मोदय मा.वि., दाङ | दाङ | ४ | २० |
| | | बाँके | ४ | |
| | | दैलेख | ४ | |
| | | प्यूठान | ४ | |
| | | सल्यान | ४ | |
| ९. | श्री विद्या मन्दिर मा.वि., बाग्लुङ | बाग्लुङ | ४ | २० |
| | | मनाङ | ४ | |
| | | मुस्ताङ | ४ | |
| | | पर्वत | ४ | |
| | | म्याग्दी | ४ | |
| १०. | श्री बालकल्याण मा. वि. रोल्पा | रोल्पा | १० | २० |
| | | रुकुम | १० | |
| ११. | श्री सरस्वती मा.वि., डोल्पा | डोल्पा | २० | २० |
| १२. | श्री महुन्याल मा.वि. भजनी, कैलाली | कैलाली | ५ | २० |
| | | कञ्चनपुर | ५ | |

| क्र.सं. | विद्यालय | जिल्ला | कोटा | जम्मा कोटा |
|---|---|---|---|---|
| | | सुर्खेत | ५ | |
| | | बर्दिया | ५ | |
| १३. | श्री त्रिभुवन मा.वि., जाजरकोट | जाजरकोट | २० | २० |
| १४. | श्री जुम्ला विस्तर क्याम्पस, जुम्ला | जुम्ला | ८ | २० |
| | | मुगु | ६ | |
| | | कालिकोट | ६ | |
| १५. | श्री मानसरोवर मा.वि., हुम्ला | हुम्ला | २० | २० |
| १६. | श्री पद्म पब्लिक मा.वि. सिलगढी, डोटी | डोटी | ५ | २० |
| | | बझाङ | ५ | |
| | | अछाम | ५ | |
| | | बाजुरा | ५ | |
| १७. | श्री वीरेन्द्र कन्या मा.वि., बैतडी | बैतडी | ८ | २० |
| | | डडेलधुरा | ६ | |
| | | दार्चुला | ६ | |
| १८. | श्री कालिन्चोक मा.वि.,दोलखा | रामेछाप | ५ | २० |
| | | काभ्रेपलाञ्चोक | ५ | |
| | | दोलखा | ५ | |
| | | सिन्धुपाल्चोक | ५ | |
| १९. | श्री भुटन देवी उच्च मा.वि., मकवानपुर | चितवन | ५ | २० |
| | | मकवानपुर | ५ | |
| | | लमजुङ | ५ | |
| | | गोरखा | ५ | |
| २०. | श्री शुभलाल मा.वि., रौतहट | रौतहट | ७ | २० |
| | | बारा | ७ | |
| | | पर्सा | ६ | |

## (ख) हिमाली आवासीय छात्रावासको नाम र ठेगाना

| क्र.सं. | जिल्ला | छात्रावास रहेको विद्यालयको नाम |
|---|---|---|
| १. | ताप्लेजुङ | १. सरस्वती च्यारीबुक उच्च मा.वि., लेलेप |
| २. | संखुवासभा | १.अरुणोदय उ.मा.वि., लिङ्गम |
| ३. | सोलुखुम्बू | १. विरेन्द्र ज्योति उ.मा.वि., सोताङ |
| ४. | मुस्ताङ | १. दिव्यदीप मा.वि. दोसेर<br>२. जनशान्ति मा.वि., कागवेनी<br>३. राष्ट्रिय नि.मा.वि., लोमाङथाङ<br>४. जनज्योति नि.मा.वि., थिलिङ |
| ५. | रसुवा | १. रसुवा उ.मा.वि., धुन्चे |
| ६. | गोरखा | १. बुद्ध मा.वि., सिर्दिबास<br>२. गौरीशंकर नि.मा.वि., तामागाउँ<br>३. उ.मा.वि., मान्बु |
| ७. | हुम्ला | १. मानसरोवर उ.मा.वि., सिमीकोट |
| ८. | डोल्पा | १. सरस्वती उ.मा.वि., दुनै |
| ९. | जुम्ला | १. रिङमच्छेय उ.मा.वि., डिल्लीचौर |
| १०. | दार्चुला | १. गोकुलेश्वर उ.मा.वि., गोकुले |

## (ग) मुक्त कमलरी आवासीय छात्रावासको नाम र ठेगाना

| क्र.सं. | जिल्ला | छात्रावास रहेको विद्यालयको नाम |
|---|---|---|
| १. | दाङ | १. सूर्यविनायक मा.वि., सोनपुर नर्ती<br>२. बालजनता उ.मा.वि., वनगाउँ |
| २. | बाँके | १. आदर्श उ.मा.वि., राँझा |
| ३. | कैलाली | १. सरस्वती उ.मा.वि., सेहरी बेलादेवीपुर<br>२. सरस्वती मा.वि.,वनगाउँ टिकापुर |
| ४. | कञ्चनपुर | १. उ.मा.वि., ऐरी |

## (घ) नमुना विद्यालयको नाम र ठेगाना

| क्र.सं. | जिल्ला | छात्रावास रहेको विद्यालयको नाम |
|---|---|---|
| १. | धनकुटा | सितलादेवी मा.वि. पाखीवास |
| २. | सर्लाही | नवजीवन उ.मा.वि. जुटपानी |
| ३. | काठमाडौं | कुलेश्वर आवास मा.वि. |
| ४. | कास्की | बालमन्दिर मा.वि. लुम्ले |
| ५. | पाल्पा | जनता उ.मा.वि. |
| ६. | कैलाली | विरेन्द्र विद्यामन्दिर उ.मा.वि. टिकापुर |

## (ङ) सहिद प्रतिष्ठान नेपालद्वारा सञ्चालित विद्यालय

| क्र.सं. | जिल्ला | छात्रावास रहेको विद्यालयको नाम |
|---|---|---|
| १. | सुनसरी | सहिद स्मृति आवासीय मा.वि. हाँसपोसा-४ |
| २. | दोलखा | सहिद स्मृति आवासीय मा.वि. वुलडाँडा-८, जिरी |
| ३. | पोखरा | सहिद स्मृति आवासीय मा.वि. मझेरी पाटन |
| ४. | दाङ | सहिद स्मृति आवासीय मा.वि.मानपुर -७ |
| ५. | डोटी | सहिद स्मृति आवासीय मा.वि. राजपुर, |